GREEN VENTURES LIMITED

# GREEN VENTURES LIMITED

प.स. २०८२/०८३ मिति: २०८२।०९।०८
च.नं. ६० 

श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरबार प्लाजा, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं ।

**विषय : कम्पनीको वार्षिक साधारण सभा गर्ने तथा शेयरधनी दर्ता किताब बन्द (Book Close) गर्ने र हकप्रद शेयर जारी गर्ने सम्बन्धमा जानकारी गराइएको बारे ।**

उल्लेखित विषयमा यस कम्पनीको मिति २०८२ पुस ०७ गते, बेलुका ५ बजे बसेको संचालक समितिको ३१ औ बैठकको निर्णयानुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा बस्ने व्यहोरा जानकारी गराईन्छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**
मिति: २०८२ साल पुस ३० गते बुधबार (तदनुसार १४ जनवरी, २०२६) ।
समय: बिहान ११:०० बजे ।
स्थान: रानी महल ब्याङ्क्वेट, ज्ञानेश्वर, काठमाडौं ।

सो वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८२।०९।१६ गते १ दिनको लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहने सम्बन्धी सूचना मिति २०८२ पुस ०८ गतेको कारोबार राष्ट्रीय आर्थिक दैनिकमा प्रकाशन गरिएकोले सोहि अनुसार मिति २०८२।०९।१६ गतेको लागी यस कम्पनीको शेयरधनी दर्ता किताब (शेयर दाखिला खारेज दर्ता) बन्द राखिदिन हुन अनुरोध छ ।

साथै यस कम्पनीको संचालक समितिको ३१ औ बैठकको निर्णयानुसार कालीगण्डकी गर्ज हाइडोपावर प्रा. लि. मा लगानी गर्नको लागि संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई कम्पनीको तत्काल कायम रहेको चुक्ता पूँजी रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) को १:१ को अनुपातमा रु. ३,४३,७५,००,००० (तीन अर्ब त्रिचालिस करोड पचहत्तर लाख) बराबरको ३,४३,७५,०००(तीन करोड त्रिचालिस लाख पचहत्तर हजार) कित्ता हकप्रद शेयर जारी गर्न वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

उक्त साधारण सभामा त्यस कार्यालयको प्रतिनिधि पठाइदिनुहुन अनुरोध छ ।

कारोबार राष्ट्रीय आर्थिक दैनिकमा प्रकाशीत वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी यसै साथ सम्लग्न गरिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भवदीय ,

विष्णु प्रसाद न्यौपाने
कम्पनी सचिव
ग्रीन भेन्चर्स लिमिटेड

Triveni Complex, 2nd Floor, Putalisadak, Kathmandu, Nepal, Tel: +977-01-5342317, 5329765, Whatsapp : +977-9863029595
Email: frontdesk@trivenihydro.com, Web: www.greenventuresnepal.com